Volume 01, Issue 01, 2024. pp. 83–90
Research Article



# तरूनी खेती उपन्यासमा प्रयुक्त पर्यावरणीय चिन्तन

**जगतमणि सोती**

उप प्राध्यापक विश्वेस्वर प्रसाद कोइराला संस्कृत विद्यापीठ, नेचासल्यान–२ सोलुखुम्बु, नेपाल

**Article Info .**

***Corresponding Author***

**Jagatmani Soti**

***Email***

sotijagatmani@gmail.com

***Article History***

Received: 28 February 2024
First Revised: 31 May 2024
Second Revised: 18 June 2024
Accepted: 23 June 2024

***Cite***

Soti, J. (2024). तरूनी खेती उपन्यासमा प्रयुक्त पर्यावरणीय चिन्तन. *Rabi Sangyan*, *1*(1), 83–90.

**Abstract (लेखसार)**

प्रस्तुत लेख पर्यावरणीय चिन्तनको आलोकमा तरूनी खेती उपन्यासको अध्ययन विश्लेषण गर्ने कार्यमा केन्द्रित रहेको छ। तरूनी खेती उपन्यासका लेखक प्रयोगवादी उपन्यासकार सरूभक्त श्रेष्ठ हुन्। यस उपन्यासमा पुरूषप्रधान समाजमा महिलाहरूले भोग्न परेका समस्या र त्यसबाट उत्पन्न असहज सामाजिक परिस्थितिको यथार्थ चित्रण गरिएको छ। साहित्यको विश्लेषण गर्ने विभिन्न सिद्धान्तहरू मध्ये पर्यावरणीय समालोचना पनि एक हो । यसलाई प्रकृतिकेन्द्री समालोचना तथा अन्तर्विषयक समालोचना पद्धति पनि भनिन्छ। उत्तरआधुनिक युगमा विकसित यस समालोचना प्रणालीले पारिस्थितिक पद्धतिमा जोड दिन्छ । तरूनी खेती उपन्यासमा नारीलाई उपभोग्य वस्तुका रूपमा हेर्ने पुरूषवादी चिन्तनको बिरोध गरिएको छ। पर्यावरणीय दृष्टिकोणले मूल्याङ्कन गर्दा यस उपन्यासमा सामाजिक सांस्कृतिक परम्पराजन्य परिस्थितिको बिम्बात्मक चित्र अङ्कन गरिएको छ। त्यसक्रममा लैङ्गिक विभेद र पारिस्थितिक नारीवादलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ। उपन्यासमा सामाजिक सांस्कृतिक पर्यावरणलाई पनि उच्च महत्व प्रदान गरिएको छ। मानवीय सम्बन्ध र पर्यावरणीय सचेतनाका दृष्टिले समेत उपन्यास उत्कृष्ट रहेको छ। अतः यो उपन्यास पर्यावरणीय चिन्तनको आलोकमा उपयुक्त खालको छ।

शब्दकुञ्जी: पर्यावरण, पारिस्थितिक नारीवाद, मानवीय सम्बन्ध, पर्यावरणीय सचेतता

## विषय प्रवेश

सरूभक्त श्रेष्ठ नेपाली साहित्यमा बहुमुखी प्रतिभाका रूपमा परिचित छन्। प्रयोगवादी उपन्यास लेखनको क्षेत्रमा उनको विशेष योगदान रहेको पाइन्छ। तरूनी खेती उपन्यासका लेखक सरूभक्त श्रेष्ठ हुन्। यसको प्रकाशन २०५३ सालमा भएको हो। यसमा नेपाली समाजमा स्थापित सामाजिक सांस्कृतिक परम्परा र संस्कारलाई दार्शनिक चिन्तनका रूपमा प्रस्तुत गरिएको छ। पुरूषप्रधान नेपाली समाजमा महिलालाई उपभोग्य वस्तु तथा सन्तान उत्पादन गर्ने मेशिनका रूपमा प्रयोग गर्ने गरेको तथ्यलाई उपन्यासमा यथार्थरूपमा चित्रण गरिएको छ। साहित्य समालोचनाका विभिन्न क्षेत्रहरू मध्ये पर्यावरणीय अध्ययन पनि एक हो । यो अध्ययन खासगरी पृथ्वीको वातावरणीय सन्तुलन कायम गरी हरेक प्राणी र वनस्पतिको अस्तित्व रक्षा गर्ने विषयसँग सम्बन्धित छ। यसले कुनै पनि साहित्यिक कृतिमा पर्यावरणीय पक्षलाई कसरी समेटिएको छ भन्ने विषयको अध्ययन गर्दछ। पर्यावरणीय समालोचना पाश्चात्य साहित्य परम्परामा सन् १९८९ देखि विकसित भएको अन्तर्विषयक समालोचना सिद्धान्त हो। यसको औपचारिक सुरूवातकर्ता चेरिल ग्लोटफेल्टी हुन्। साहित्यमा पर्यावरणीय अध्ययन भन्नाले जैविक र भौतिक वातावरण बीचको सम्बन्धको खोजी गरी हरेक वस्तुको प्राकृतिक पहिचान र स्वतन्त्रताको संरक्षणमा ध्यान दिनु भन्ने बुझिन्छ। यसमा प्रकृतिलाई नै केन्द्रमा राखेर कुनै पनि साहित्यिक कृतिको अध्ययन विश्लेषण गरिन्छ। पर्यावरणीय अध्ययनमा स्थानीयता लैङ्गिकता, भाषिकता, सांस्कृतिकता धार्मिकता, भौगोलिकता र नैतिकता जस्ता विविध क्षेत्रहरू समावेश भएका हुन्छन्। अतः यस लेखमा पर्यावरणीय चिन्तनको केन्द्रमा रहेर तरूनी खेती उपन्यासको अध्ययन विश्लेषण गर्ने कार्यलाई मुख्य विषयवस्तु बनाइएको छ।



*Rabi Sangyan (ISSN: 3059–9423)*
cc BY NC
*Copyright©2024: Author(s). Published by Rabi Campus, Panchthar Nepal*

## समस्या कथन

पर्यावरणीय चिन्तनको आलोकमा रहेर तरूनी खेती उपन्यासको अध्ययन विश्लेषण कसरी गर्न सकिन्छ भन्ने प्राज्ञिक जिज्ञासामा केन्द्रित यस अध्ययनका समस्याहरूलाई निम्नलिखित प्रश्नहरूबाट थप स्पष्ट पारिएको छ :

क) तरूनी खेती उपन्यासमा प्रयुक्त सामाजिक तथा सांस्कृतिक पर्यावरण कस्तो छ ?

ख) तरूनी खेती उपन्यासमा पर्यावरणीय सौन्दर्यलाई कसरी प्रयोग गरिएको छ ?

ग) यस उपन्यासमा मानवीय सम्बन्ध र पर्यावरणीय सचेतताको अवस्था कस्तो छ ?

## अध्ययनको कथन

पर्यावरणीय आलोकका दृष्टिले तरूनी खेती उपन्यासको अध्ययन विश्लेषण गर्ने मुख्य उद्देश्यमा केन्द्रित यस अध्ययनका सहायक उद्देश्यहरूलाई बुँदागत निम्नानुसार प्रस्तुत गरिएको छ :

क) तरूनी खेती उपन्यासमा प्रयुक्त सामाजिक तथा सांस्कृतिक पर्यावरणको पहिचान गर्ने

ख) तरूनी खेती उपन्यासमा प्रयुक्त पर्यावरणीय सौन्दर्य पक्षको पहिचान गर्ने

ग) तरूनी खेती उपन्यासमा प्रयुक्त मानवीय सम्बन्ध र पर्यावरणीय सचेतताको खोजी गर्ने

### अध्ययनको उपयोगिता

तरूनी खेती उपन्यास पुरूषप्रधान समाजमा नारीहरूले भोग्न परेका सामाजिक तथा सांस्कृतिक दमन र शोषणको यथार्थ चित्रणमा केन्द्रित रहेको छ । यस उपन्यासलाई साहित्य समालोचनाको क्षेत्रमा प्रचलित विभिन्न सिद्धान्तहरूको आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ । पर्यावरणीय समालोचना उत्तरआधुनिक युगमा विकसित नवीन अन्तर्विषयक समालोचना पद्धति हो । यसलाई पर्यावरणमैत्री वा प्रकृतिमैत्री समालोचना पनि भनिन्छ। प्रस्तुत लेख पर्यावरणीय चिन्तनका दृष्टिले तरूनी खेती उपन्यासको अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ । अत : पर्यावरणीय साहित्य चिन्तनको आधारमा कृतिको विश्लेषण गर्न चाहने जिज्ञासु पाठकको लागि यो लेख उपयोगी रहेको छ।

### अध्ययनको सीमा

प्रस्तुत अध्ययन प्रयोगवादी उपन्यासकार सरूभक्तद्वारा लिखित तरूनी खेती नामक उपन्यासको पर्यावरणीय आलोकको पहिचानमा सीमित रहेको छ। यस अध्ययनमा पर्यावरणीय साहित्य सिद्धान्तको संक्षिप्त चिनारी सहित तरूनी खेती उपन्यासमा प्रयुक्त सामाजिक एवम् सांस्कृतिक पर्यावरण, आर्थिक पर्यावरण, लैङगिक पर्यावरण तथा मानवीय सम्बन्ध र पर्यावरणमैत्री लेखकीय सचेतताको खोजी गरिएको छ।

## अध्ययन विधि

प्रस्तुत लेख प्राज्ञिक अनुसन्धानात्मक विधिमा आधारित छ। यस लेखको तयारीका क्रममा पुस्तकालयीय अध्ययन विधिको माध्यमबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ। त्यस क्रममा उपन्यासकार सरूभक्त श्रेष्ठद्वारा लिखित तरूनी खेती उपन्यासलाई प्राथमिक स्रोत सामग्रीका रूपमा राखेर अध्ययन गरिएको छ भने पर्यावरणीय समालोचना सिद्धान्तसँग सम्बन्धित कुराहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । निगमनात्मक पद्धतिमा आधारित यस अध्ययनमा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ।

## सैद्धान्तिक स्वरूप

पर्यावरणीय समालोचना उत्तरआधुनिक युगमा विकसित कृति विश्लेषणको एउटा महत्वपूर्ण आधार हो । यसले प्रकृतिलाई केन्द्रमा राखेर कृतिको विश्लेषण गर्दछ। पाश्चात्य समालोचना परम्परामा सन् १९८९ देखि विकसित भएको यस साहित्य सिद्धान्तको सुरूवातकर्ता चेरिल ग्लोटफेल्टी हुन् । साहित्यिक कृतिमा प्रकृतिको अङ्कन महत्वका साथ भएको छ कि छैन ? प्रकृतिलाई केन्द्रमा राखेर कृतिको लेखन भएको छ कि छैन ? पर्यावरणीय विनष्टतालाई निष्ठापूर्वक कृतिमा अभिव्यक्त गरेको छ कि छैन ? विनष्ट बन्दै गएको पर्यावरण जोगाउने चासो कृतिमा व्यक्त भएको छ कि छैन ? भन्ने जस्ता प्रश्नहरूलाई पर्यावरणीय समालोचनाले महत्वका साथ उठाउने गर्दछ (ग्लोटफेल्टी, १९९६: xxxi)। पारिस्थितिक पद्धति अन्तर्गत आउने जैविक प्रक्रियाहरूको समष्टी रूप नै पर्यावरण हो । पर्यावरण मानवीय आचरण र व्यवहारसँग सम्बन्धित छ । मानिसलाई प्रकृति प्रदत्त जमिन, जल, जङ्गल र वायुको उपयोग अत्यावश्यक छ । मानिसको सामाजिक एवम् सांस्कृतिक वातावरण निर्माणमा यी चार कुराहरूको

महत्वपूर्ण भूमिका रहेको हुन्छ । अतः मानवीय व्यवहार संचालनमा पूर्ण रूपमा पर्यावरण जिम्मेवार छ (गेराई, २००४: ९)। यसबाट पर्यावरणीय समालोचनाको क्षेत्र निकै फराकिलो रहेको कुरा स्पष्ट हुन्छ।

साहित्य र भौतिक वातावरणका बीचको सम्बन्धको खोजी गर्ने नवीन पद्धति नै पर्यावरणीय सालोचना हो। जसरी नारीवादी समालोचनाले साहित्यिक कृतिमा लैङ्गिक सचेतताको खोजी गर्छ, मार्क्सवादी समालोचनाले वर्गीयताको खोजी गर्छ, त्यसरी नै पर्यावरणीय समालोचनाले साहित्यिक अध्ययनमा वातावरणीय महत्व र प्राकृतिक सन्तुलनको खोजी गर्दछ (ग्लोटफेल्टी, १९९६: हख)। पर्यावरणीय समालोचनाले लेखकको पर्यावरणीय सचेतताको समेत खोजी गर्दछ। साथै साहित्यले पाठकमा पार्ने प्रभाव, पर्यावरणीय सन्तुलनमा कृतिले खेल्ने भूमिका, मानवीय सम्बन्ध र प्रकृति संरक्षणका विषयमा राज्यसत्ताको धारणा एवम् राजनीतिक प्रतिबद्धताका लागि जनतालाई सचेत पार्ने काम गर्दछ (भट्टराई, २०७०: ८१)। पर्यावरणीय समालोचना प्रणालीको विकास पाश्चात्य साहित्य चिन्तन परम्परामा सन् १९८० को दशकमा भएको हो। यसलाई परिवृत्तीय समालोचना, वातावरणवादी समीक्षा, हरित साहित्य, पर्यावरणीय काव्यशास्त्र, पर्यावरणीय साहित्य अध्ययन जस्ता नामबाट पनि चिनाउन सकिन्छ (एटम, २०६८: ३११)। पर्यावरण प्राकृतिक र केत्रिम दुवै खालको हुन्छ। पर्यावरणीय समालोचनाले कृत्रिम वातावरणको नभई प्राकृतिक वातावरणको अध्ययनमा जोड दिन्छ। अतः यही प्रकृति प्रदत्त वातावरणको विषयमा अध्ययन गर्ने गहन विषय नै पर्यावरणीय समालोचना हो (कुप, २०००: ४)। वातावरणमा मान्छेले नबनाएका डाँडाकाँडा, समतल मैदान, लेक, हिमाल आदि भौगोलिक घटक, चिसोतातो, हुस्सू कुहिरो तुँवालो आदि जलवायु र लतावृक्ष, जीवजन्तु, जनावर, चराचुरूङ्गी, कीटपतङ्ग लगायत स्थावर, जंगम, जलचर, थलचर, उभयचर र नभचर सबै पर्दछन् (गौतम, २०६४: २४६)। यसरी जल, जमिन, वायु र जङ्गल तथा सम्पूर्ण प्राणी र जीवको अस्तित्व संरक्षणमा ध्यान दिनु पर्दछ भन्ने मान्यतामा पर्यावरणीय समालोचना स्थापित भएको छ। अतः यही मान्यताको आधारमा निर्मित भएको संस्कृतिको अध्ययन पर्यावरणीय समालोचनाले गर्दछ। पर्यावरणबाटै निर्देशित, अनुप्राणित र दिग्दर्शित सम्पूर्ण मानव सभ्यताको अङ्कन कुनै पनि साहित्यिक कृतिमा के कसरी गरिएको छ भनी खोजी गर्ने काम पर्यावरणीय समालोचनाले गर्दछ (भट्टराई, २०६८: ६६)।

खासगरी आधुनिक युगको प्रारम्भसँगै सुरू भएको औद्योगिकरण, विश्वव्यापीकरण, बजारीकरण आदिसँगै प्रकृतिको विनाश हुँदै गयो। यसले गर्दा पर्यावरणीय सङ्कट उत्पन्न भयो। अतः वातावरणमा देखा परेको गम्भीर सङ्कट र त्यसको समाधानका क्रममा वातावरणविद्हरूबाट सुरू भएको अवधारणा नै पर्यावरणीय समालोचना हो (केरिज, २००६: ५३१)। आधुनिक सभ्यताका नाममा मानवबाट भएका प्रकृति विरोधी मानवीय क्रियाकलापको विरोध गरी प्रकृतिलाई पुनः हराभरा र स्वच्छ बनाउने प्रयत्न साहित्यिक माध्यमबाट समेत गरिनु पर्दछ भन्ने दृष्टिकोण पर्यावरणीय समालोचनाले गर्दछ (बुएल, १९९५: १२९)। पर्यावरणीय समालोचनाले कृति विश्लेषणका क्रममा कृति पर्यावरण मैत्री छ कि छैन भन्ने कुराको अध्ययन गर्दछ। यसमा प्राकृतिक विज्ञान, वातावरणीय अध्ययन, सांस्कृतिक अध्ययन र सामाजिक अध्ययनलाई पनि यथास्थान उपयोग गरिन्छ। अतः यस अध्ययनमा पर्यावरणीय चिन्तनको आलोकमा केन्द्रित रहेर सरूभक्तद्वारा लिखित तरूनी खेती उपन्यासको विश्लेषण गरिएको छ।

## पर्यावरणीय चिन्तनको आलोकमा तरूनी खेती उपन्यास

तरूनी खेती (२०५३) सरूभक्त श्रेष्ठद्वारा लिखित प्रयोगवादी उपन्यास हो। यसमा प्रमुख प्रधान नेपाली समाजको परम्परित भोगवादी चिन्तनलाई प्रस्तुत गरिएको छ। नारीलाई एउटा खेतसँग तुलना गरी सामाजिक मर्यादा र इज्जतको पालनामा कर्तव्यनिष्ठ रहन बाध्य पार्ने तथा पुरूषले आफ्नो इच्छा र चाहना बमोजिम भोगविलास गर्ने सांस्कृतिक प्रचलनको विरोध यस उपन्यासमा गरिएको छ। साथै नारीलाई कुनै वस्तु वा खेलौना सरह विक्री वितरण गर्ने र सन्तान उत्पादन गर्ने मेशिनका रूपमा सोच्ने पुरूषवादी अहमको यथार्थ प्रकट गरिएको छ। दार्शनिक विचारधारा र नवीन चिन्तनको माध्यमबाट सामाजिक सांस्कृतिक रूपमा महिलाले भोग्दै आएका समस्याको उठान गरी त्यसको उचित समाधान हुनुपर्दछ भन्ने चाहना उपन्यासकारको रहेको देखिन्छ। यस उपन्यासमा नेपाली समाजको सामाजिक सांस्कृतिक प्रचलन, आर्थिक अवस्था, लैङ्गिक विभेद र मानवीय सम्बन्ध जस्ता कुराहरूलाई सचेतताका साथ उठाइएको छ। अतः पर्यावरणीय अध्ययनका दृष्टिले महत्वपूर्ण मानिएको यस उपन्यासलाई यहाँ विभिन्न आधारमा अध्ययन विश्लेषण गरिएको छ।

**सामाजिक तथा सांस्कृतिक पर्यावरण**

तरूनी खेती उपन्यासमा उपन्यासकारले नेपाली समाजको सामाजिक सांस्कृतिक प्रचलनलाई दार्शनिक रूपमा प्रस्तुत गरेका छन् । छोराछोरीको उमेर अवस्था पुगेपछि विवाह गरिदिनु बुबा आमाको कर्तव्य हो । विवाहलाई एउटा सामाजिक संस्कारका रूपमा चित्रण गरिएको पाइन्छ। त्यसैले विवाह गर्दा आफ्नो कूल इज्जत र परम्परा अनुरूप गर्नुपर्दछ भन्ने सामाजिक मूल्य मान्यतालाई समेत उपन्यासमा समेटिएको छ। विवाह एउटा प्राकृतिक एवम् जैविक आवश्यकता पनि हो। उमेर पुगेका युवा युवती एक अर्काप्रति आकर्षित हुने प्राकृतिक नियमलाई तरूनी खेती उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> उ तारूण्यताको न अति प्रदर्शन गर्छ न अल्प प्रदर्शन गर्छ। अति प्रदर्शनमा अभयदान छ, अल्प प्रदर्शनमा अपौरूषता छ। छोरो वंशवृक्षको मूल जरो हो। यसैले तारूण्यका लालीहरू लुकाउनु पापै हो। उसलाई यो ज्ञान छैन, तर असित यो परम्परा छँदै छ। ऊ आम तरूणहरू झैँ संस्कारवंश जैविक संरचनात्मक आवश्यकताले गर्दा अरूका खेत र विरूवाहरूमा आँखा लाउन थाल्छ । सायद ऊ यसरी आँखा लाउन हुन्न भन्ने सार्वनामिक परम्पराको मान्छे हो, तर यस्तो उपदेश जवानीमा उपदेशकहरूले पनि बिर्सन्छन् (तरूनी खेती, पृ. १)।

यस साक्ष्यमा उपन्यासको प्रमुख पात्र अर्थात् सार्वनामिक पात्र ऊ ले आफ्नो तारूण्य अर्थात् वयस्क अवस्थामा समेत सामाजिक संस्कार र मर्यादाको सीमाका कारण आफ्नो शारीरिक एवम् मानसिक चञ्चलतालाई समेत सौम्य ढङ्गले प्रस्तुत गरेको कुरालाई चित्रण गरिएको छ । ऊ पात्र आफ्नो वंश परम्पराको एकल प्रतिनिधि अर्थात् बाबु आमाको एक्लो छोरो हो । जवानीको लाली चढेपछि अज्ञानतावंश उसका चञ्चल आँखाहरू आम तन्नेरी युवाहरूको झैँ जैविक संरचनात्मक आवश्यकताले गर्दा अरूका श्रीमती र छोरीहरूमाथि दृष्टिपात गर्न थाल्दछन् । अरूका छोरी बुहारीमाथि आँखा लगाउनु हाम्रो सामाजिक संस्कार अनुरूप महापाप भए पनि प्राकृतिक गुण एवम् जैविक आवश्यकताले गर्दा ऊ अनायाशै छरछिमेकका तरूनी बोट विरूवाहरूमा आँखा लगाउन पुग्छ। जवानीमा उपदेशकहरूले पनि आफ्नो उपदेशलाई बिर्सछन् भनी मानवीय इच्छा, चाहना र आवश्यकतालाई बिम्बात्मक रूपमा प्रस्तुत गरिएको छ।

नेपाली समाजमा आफ्नो कूल, इज्जत, वंश, परम्परा र खानदानको सम्बन्धलाई प्रमुख आधार बनाएर विवाह गर्ने प्रचलन र परम्परा कायम छ। विवाहमा नाता कुटुम्बको ठूलो हात रहने गर्दछ। विवाह गर्दा बाहिरी सौन्दर्यलाई मात्र नभएर भित्री गुणगत पक्षलाई विशेष महत्व दिने नेपाली समाजको सामाजिक सांस्कृतिक प्रचलनलाई तरूनी खेती उपन्यासमा यथार्थ रूपमा चित्रण गरिएको छ :

> बाबुले आफ्नो कुलीन प्रतिष्ठा, विश्वसनीयता, केही धाक खाफ, कौटुम्बिक सम्बन्ध सूत्र र क्रयशक्तिले सबभन्दा राम्रो मानी किनिदिएको तरूनी खेत पाएपछि उसको जीवनमा नयाँ अध्याय सुरू हुन्छ । विधिवत् खेत किनिल्याएको दिन उसलाई त्यो रहर लाग्दो अध्याय थाल्न आतुरी भएको हुनसकछ, तर बाबुलाई खेत किन्ने बेला कुनै आतुरी भएको हुँदैन। भुक्तभोगी बाबुलाई राम्रै ज्ञान हुन्छ, खेत भनेको धन मात्र होइन मान पनि हो । यसर्थ खेतकिन्दा बाहिरी आवरण मात्र हेर्नु हुँदैन । खेतको बाहिरी सौन्दर्यभन्दा भित्री सौन्दर्य महत्वपूर्ण हुन्छ। स्वरूपहरूले मात्र राम्रा खेतहरू उपयोगिताले बन्जर हुन्छन् (तरूनी खेती, पृ. ८)।

यस साक्ष्यमा उपन्यासको प्रमुख पात्र ऊ का दैनिक व्यवहार र जैविक आवश्यकतालाई विशेष महत्वकासाथ प्रस्तुत गरिएको छ। आफ्नो कुलीन प्रतिष्ठा अनुरूप नाता कुटुम्बहरूको सहयोगमा ठूलो धनराशी खर्च गरेर बुबाले उसको विवाह धुमधामका साथ गरिदिएको छ। त्सत्क्रममा छोराको जैविक आवश्यकता पुरा गर्न तथा वंश परम्परा धान्नको लागि तरूनी खेत किनेर ल्याइदिएको तथ्यलाई सार्वजनिक गरिएको छ। बुहारीलाई घरमा लक्ष्मीरूपी धन र इज्जतरूपी मानका रूपमा हेर्ने प्रचलन र परम्परालाई पनि उपन्यासमा समेटिएको छ। यसको साथै बाहिरी रूपभन्दा भित्री गुण हेरेर विवाह गर्नुपर्ने सामाजिक संस्कारगत अनुभवलाई पनि यथार्थ रूपमा चित्रण गरिएको छ।

नेपाली समाजमा निःसन्तान दम्पतीहरूलाई फरक नजरले हेर्ने तथा सन्तान जन्माउन नसक्ने पुरूषलाई नामर्द र महिलालाई बाँझी आइमाइ भन्ने प्रचलन र परम्परा कायम छ। निःसन्तान दम्पतीको वंश परम्परा नष्ट हुने र मरेपछि मोक्षप्राप्ति हुँदैन भन्ने सामाजिक सांस्कृतिक मान्यताका कारण दोस्रो विवाह गर्ने प्रचलन कायम रहेको तथ्यलाई तरूनी खेती उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> सुस्वादिष्ट नवीन रूप सौन्दर्य, स्निग्ध मांसल देहयष्टि, आमन्त्रणपूर्ण सुकुमारी आकर्षण र समर्पणयुक्त कान्छी छेतको महा भोगोत्सवमा ऊ चुर्लुम्म डुब्छ। लम्पसारधर्मा बाँझो खेत उपेक्षाको फुर्सद पाएर लम्पसार नै परिरहन्छ। यो फुर्सदमा बाँझो खेतको अति अत्याचारी पुरूषभोगवृत्तिले तहसनहस प्रायः आन्तरिक अवयव र बाहय स्वरूपहरूले पक्का विश्रान्तिको मौका पाउँछन् (तरूनी खेती, पृ. ५३)।

यस साक्ष्यमा ऊ पात्रले विवाह गरी घरमा ल्याएकी श्रीमतीरूपी तरूनी खेतबाट कुनै बिरूवाहरू नउम्रिएपछि अर्थात् सन्तान नजन्मेपछि दोस्रो विवाह गरेको कुरालाई प्रस्तुत गरिएको छ। जेठो खेतमा लामो समयसम्म रोपाइँ सम्पन्न गरी अनेक प्रयास गर्दा समेत बिऊ नउम्रिएपछि उपन्यासको प्रमुख पात्र ऊ कान्छी खेत किनेर ल्याउने निष्कर्षमा पुग्दछ। त्यसपछि विधिवत् रूपमा ऊ आफैले किनिल्याएको सुकुमारी कान्छी खेतमा भोगोत्सवको रूपमा रोपाइँ सुरू गर्दछ भनी यौनिक क्रियालाई प्रतीकात्मक रूपमा रोपाइँको संज्ञा दिइएको छ। यसबाट पुरूषप्रधान समाजमा विद्यमान पारिस्थितिक नारीवाद तथा सामाजिक र सांस्कृतिक परम्पराजन्य पर्यावरणीय दृष्टिकोण स्पष्ट हुन्छ।

यसरी नेपाली समाजमा विवाह गर्दा आफन्त र छरछिमेकी बोलाउने, भोज भतेर खुवाउने, सन्तान प्राप्तिमा खुसी हुने, निःसन्तान दम्पतीलाई सबैले उपेक्षा गर्ने, सन्तान हुन नसकेमा दोस्रो विवाह गर्ने, दुःखमा ईश्वर पुकार्ने, धर्मकर्म – पूजापाठ आदिमा विश्वास गर्ने, गरिब दुःखीहरू माथि दया गर्ने, आफ्ना सन्ततीको पालन पोषणमा ध्यान दिने, कुलको इज्जत र प्रतिष्ठाको ख्याल गर्ने जस्ता सामाजिक संस्कारजन्य चालचलन तथा विधि र व्यवहारलाई तरूनी खेती उपन्यासमा पर्यावरणीय महत्वका साथ प्रस्तुत गरिएको छ।

**आर्थिक सम्बन्ध र पर्यावरण**

तरूनी खेती उपन्यासमा आर्थिक सम्बन्ध र पर्यावरणलाई पनि विशेष महत्वकासाथ प्रस्तुत गरिएको छ। त्यसक्रममा उपन्यासकारले आर्थिक पक्ष बलियो भएका मानिसलाई कुलीन, घरानीया र इज्जतदार व्यक्तिको रूपमा चित्रण गरेका छन्। नेपाली समाजमा आर्थिक रूपमा सबल पुरूषले आफ्नो इच्छा बमोजिम रूपवती र गुणवती युवतीसँग सजिलै विवाह गर्न सक्ने प्रावधान रहेको छ। छोरी चेलीका बुबा आमाले समेत धनी र सम्पन्न परिवारसँग नातासम्बन्ध जोड्न चाहन्छन् भन्ने कुरालाई तरूनी खेती उपन्यासमा आर्थिक सम्बन्धका रूपमा यसरी प्रस्तुत गरिएको छ :

> समाज परम्परामा बेच्नेको बोट किन्नेको खेतमा परिणत हुन्छ। भोगको एउटै वस्तुलाई बेच्नेहरू कर्तव्यवश तरूनो बोट भन्छन्, किन्नेहरू अधिकारवंश तरूनी खेत भन्छन्। यो वस्तु परिवर्तन होइन दृष्टि परिवर्तन हो। जीवनको मूल सत्य यही हो। समाज वस्तुपरिवर्तनले चलिरहेको छैन, दृष्टिपरिवर्तनले चलिरहेको छ। यो भोगको शाश्वत धर्म हो। यो परम धर्मलाई मैले धारण गर्नै पर्छ। गृहस्थी धर्मपरम्परामा अब म खेत भोग्ने अवस्थाबाट माथि उठेर पोथी बोटहरू बेचबिखन गर्ने अवस्थामा पुगिसकेको छु (तरूनी खेती, पृ. १२४)।

यस साक्ष्यमा नेपाली समाज परम्परामा छोराछोरी तरूण अवस्थामा पुगेपछि उनीहरूका लागि उपयुक्त खालका वरवधू खोजी गर्ने प्रचलन र परम्परा रहेको कुरालाई यथार्थ रूपमा चित्रण गरिएको छ। त्यसक्रममा उमेर पुगेका छोराछोरीको विवाह गरिदिनु बाबुआमाको कर्तव्य भएको कुरा उल्लेख गरिएको छ। उमेर अवस्था पुगेपछि जैविक आवश्यकता र चाहना बमोजिम विवाह गर्ने सामाजिक संस्कारलाई यहाँ बोट बेच्ने र खेत किन्ने भनी प्रतीकात्मक रूपमा चित्रण गरिएको छ। खासगरी वैवाहिक सम्बन्धमा समेत आर्थिक पक्षलाई विशेष जोड दिइने हाम्रो नेपाली समाजको यथार्थतालाई पर्यावरणीय महत्वका साथ प्रस्तुत गरिएको छ।

मानिस सामाजिक प्राणी भएको नाताले समाजमा इज्जत प्रतिष्ठाका साथ रहन चाहन्छ। मानिसको सामाजिक इज्जत प्रतिष्ठामा आँच आएपछि उसको अर्थगत मर्यादाको सम्बन्धमा पनि कमी आउँछ। उक्त कुरालाई तरूनी खेती उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> डकैतीमा परेपछि बोट पनि सस्तिइसक्यो नि ! दाइ भनिनेको कठोर कुरा सुनेर उसको हृदय छियाछिया हुन्छ। उसलाई आफ्नो कुल परम्पराको इज्जत बचाउने अर्को कुनै उपाय सुभ्दैन। दुईचार दिनभित्रै हतारहतार बेचबिखनको एउटा सानो समारोह आयोजना गरी ऊ त्यस टाढाको खरिददारलाई माहिलो बोट बेचिदिन्छ (तरूनी खेती, पृ. १४१)।

यस साक्ष्यमा परपुरूषसँगको अवैध र अनपेक्षित सम्बन्धका कारण ऊ पात्रकी माहिली छोरीको इज्जत प्रतिष्ठामा दाग लागेको कुरा उल्लेख गरिएको छ। यसरी आफ्नो माहिलो बोटमा किरा लागेपछि ऊ पात्रले छिमेकी दाजुको सल्लाह बमोजिम आफ्नो कुल परम्पराको इज्जत बचाउने उद्देश्यले हतारहतारमा माहिली छोरीको विवाह टाढाको व्यक्तिसँग गरिदिन्छ । यसमा उसले आर्थिक सम्बन्धको पक्षलाई कम महत्व दिएको देखिन्छ। यसरी यस उपन्यासमा आर्थिक हैसियतका आधारमा सामाजिक तथा पारिवारिक सम्बन्ध विकसित हुने यथार्थ सत्यलाई पर्यावरणीय महत्वका साथ प्रस्तुत गरिएको छ।

**लैङ्गिक सम्बन्ध र पर्यावरण**

तरूनी खेती उपन्यासमा लैङ्गिक सम्बन्ध र पर्यावरणलाई पनि दार्शनिक रूपमा प्रस्तुत गरिएको छ। नारी र पुरूष एकै सिक्काका दुई पाटा र एउटै रथका दुई पाङ्ग्रा भए पनि पुरूष प्रधान नेपाली समाजको लैङ्गिक विभेदपूर्ण दृष्टिकोणका कारण नारीलाई दोस्रो दर्जाको नागरिकका रूपमा हेर्ने परम्परा विद्यमान रहेको यथार्थलाई पनि उपन्यासमा चित्रण गरिएको छ। यसको साथै नारीका इच्छा र चाहनाहरू सामाजिक मर्यादाको जाँतोमा पिल्सिने गरेको तथ्यलाई उपन्यासमा यसरी सार्वजनिक गरिएको छ :

> जुनेली रातदेखि जुनेली बिहानीसम्म, अजुनेली रातदेखि अजुनेली बिहानीसम्म अथवा रात्रिकालीन प्रत्येक उज्याला – अँध्यारा छटाहरूमा असमाप्त भोगात्सव हुन्छ। उसलाई राम्रै ज्ञान हुन्छ, यौनाग्निको भोगोत्सवमा प्रवृत्त भएपछि निःवृत्त हुन सकिँदैन। यो ज्ञान प्राप्त गर्न उसलाई कुनै अदृश्य परिवेशमा पलेंटी कसी बस्नु परेन। अधिकारपूर्ण एकान्तमा मात्तिएको शरीरले ऊ यो ज्ञान प्राप्त गर्न सक्षम हुन्छ। प्रत्येक रातको माने एक स्वर्णिम अवसर। रातभर तरूनी खेतीको धर्मप्रदत्त समर्पण वा निरीह, निर्वस्त्र आत्मसमर्पणमाथि बुर्कुसी मार्दै जाइलाग्नु र त्यसलाई निर्दयतापूर्वक थिच्नुमिच्नुलाई ऊ आफ्नो पौरूषता भनिठान्छ (तरूनी खेती, पृ. १५)।

यस साक्ष्यमा हाम्रो नेपाली समाजको सामाजिक मर्यादा र नियम अनुरूप पुरूषले आफ्नो इच्छा र चाहना बमोजिम नारीलाई स्वतन्त्र रूपमा भोग्न पाउने अर्थात् यौन शोषण गर्ने तर महिलाले त्यसलाई चुपचाप सहनु पर्ने बाध्यात्मक परिस्थिति र नैतिक बन्धनको साङ्केतिक बिरोध गरिएको छ। यसको साथै लैङ्गिकताकै कारण महिलाले समाजमा हेपिनुपर्ने, इज्जत जोगाएर हिँड्नुपर्ने र सम्पूर्ण पारिवारिक झमेला र अप्ठ्याराहरूको सामना गर्नुपर्ने जस्ता पारिस्थितिक नारीवादी सोचलाई पनि पर्यावरणीय महत्वका दृष्टिले प्रस्तुत गरिएको छ।

पुरूष प्रधान नेपाली समाजले महिलालाई वंश परम्परा धान्नको लागि सन्तान जन्माउने साधन र घरको नोकरका रूपमा अर्थात् पुरूषको दासीका रूपमा हेर्ने गरेको वस्तुसत्य र यथार्थलाई पनि लैङ्गिक विभेद र पारिस्थितिक नारीवादको कोणबाट उपन्यासमा यसरी चित्रण गरिएको छ :

> आफ्ना अन्तिम दिनहरूमा अन्तिम कर्तव्यस्वरूप ऊ एउटा तरूनी खेत किन्छ। ऊ यो तरूनी खेत आफ्ना लागि किन्दैन, आफ्नो वंश परम्पराको एकमात्र उत्तराधिकारी छोराका लागि किन्छ। ऊ यो तरूनी खेत समाज परम्परामा पिता वा बाबु नामक वंशपरम्पराको कठोर एवम् भावुक सामन्त स्वामीको हैसियतले किन्छ। समाज परम्परामा कलिला भाले बिरूवाहरू उमेर पुगेपछि कुल धर्मरक्षक उत्तराधिकारी सामन्त बन्छन् (तरूनी खेती, पृ. १६७)।

यस साक्ष्यमा सामन्तवादी पुरूषप्रधान नेपाली समाजमा छोरालाई वंश परम्पराको उत्तराधिकारी अर्थात् नायक र छोरीलाई अर्काको घरमा जाने जातका रूपमा हेर्ने विभेदकारी नीतिको यथार्थ प्रस्तुत गरिएको छ। यसको साथै तरूनी अर्थात् महिलालाई उपभोग गर्ने भोगवादी परम्पराको समेत साङ्केतिक रूपमा विरोध गरिएको छ। यसबाट तरूनी खेती उपन्यासमा पारिस्थितिक नारीवादजन्य पर्यावरणको चित्रण गरिएको कुरा स्पष्ट हुन्छ।

यसरी नेपाली समाजमा छोरीलाई दोस्रो दर्जाको नागरिक सरह व्यवहार गर्ने र पैतृक सम्पत्तीको उपभोग तथा वंश परम्पराको निरन्तरताका लागि छोरा नै चाहिने अन्धविश्वासजन्य यथार्थको चित्रण यस उपन्यासमा गरिएको छ। अतः लैङ्गिक विभेदको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने परिकल्पनाका साथ लेखिएको यो उपन्यास पारिस्थितिक नारीवादजन्य पर्यावरणीय सौन्दर्यका हिसाबले उपयुक्त खालको छ।

**मानवीय सम्बन्ध र पर्यावरणीय सचेतता**

तरूनी खेती उपन्यासमा उपन्यासकारले मानवीय सम्बन्ध र पर्यावरणीय सचेततालाई उच्च महत्व दिएका छन्। हाम्रो सामाजिक जनजीवनमा छरछिमेकी, इष्टमित्र,

आफन्त र साथीभाइ हरेक सुख दुःखको घडीमा काम लाग्दछन् भन्ने कुरालाई मानवीय सम्बन्धका आधारमा उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> ऊ सम्पूर्ण सामर्थ्यले चिच्याउँछ । झाँगिएको माहिलो बोटको छहारीमा आँखा चिम्लेर सुस्ताइरहेको ठिटो चोर विरालो वेगमा उठेर कतै हाम फालिहाल्छ । ऊ ठिटो चोरलाई समाप्त दगुरू कि चोर ! चोर ! भनेर चिच्चाइरहूँ भन्ने अन्तर्द्वन्द्वमा फसी निमेष भरका लागि कर्तव्यविमूढ हुन्छ। अन्तर्द्वन्द्वबाट उम्किँदासम्ममा चोर भनिएको ठिटो ओझेल परिहाल्छ। ऊ पछितो मान्दै यताउति दगुर्छ र रित्तै हात झाँगिएको माहिलो बोटनिर फर्किन्छ । माहिलो बोटनिर छिमेकका केही व्यक्तिहरू आइपुगिसकेका हुन्छन् (तरूनी खेती, पृ. १३४)।

यस साक्ष्यमा ऊ नामक पात्रकी माहिली छोरी अर्थात् माहिलो खेतमा अवैधानिक रूपमा कुनै ठिटो विचरण गर्न आइपुगेको घटनापछि ऊ पात्रको चित्कार र आक्रोशपूर्ण अभिव्यक्ति सुनेर छिमेकीहरू उसको सामु उपस्थित भएको र उसलाई सान्त्वना दिएर फर्किएको सन्दर्भलाई मानवीय सम्बन्ध र व्यवहारको रूपमा प्रस्तुत गरिएको छ।

उपन्यासकार सरूभक्त श्रेष्ठ पर्यावरणप्रति सचेत रूपमा प्रस्तुत भएका छन् । उनले उपन्यासको आदिदेखि अन्त्यसम्मका सम्पूर्ण घटनाक्रममा सामाजिक यथार्थको बिम्बात्मक दार्शनिक आदर्शलाई प्रकट गरेका छन् । त्यसक्रममा उनले उपन्यासको माध्यमबाट सामाजिक संस्कारगत विभेद र लैङ्गिक असमानताको अन्त्यको कामना पनि गरेका छन् । उक्त कुरालाई तरूनी खेती उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> छिमेकीहरू सबै एकमत हुन्छन्। सबैलाई आफ्नो घरमा चोर पसेको पीडा हुन्छ । त्यस रातभर छिमेकीहरू उसको सहायतार्थ सुत्दैनन्। सम्पूर्ण रात बित्छ, तर चोर पक्राउ गर्न आइपुग्दैन । झिसमिसे बिहानी हुन्छ । पहरेदार छिमेकीहरू कोही सुत्छन्, कोही उड्छन्। ऊ असाध्य पीरा आँखा लिई टोलाइरहन्छ । चोर त्यतिखेर पनि देखा पर्दैन। पूर्वीय आकाशमा लालिमा छाएपछि छिमेकीहरू आ–आफ्ना घर जान्छन् ऊ नितान्त एक्लो र दुःखी हुन्छ (तरूनी खेती, पृ. १३५)।

यस साक्ष्यमा ऊ पात्रको व्यक्तिगत तथा पारिवारिक समस्यामा छिमेकीहरूले पनि आफ्नै समस्या ठानी पूर्ण रपमा सहयोग गरेका छन्। यसमा मानवीय सम्बन्ध र पर्यावरणीय महत्व झल्किएको छ । त्यस्तै लेखकीय दृष्टिकोण र पर्यावरणीय सचेतता समेत प्रकट भएको छ। यसरी यस उपन्यासमा प्रयुक्त घटनाक्रम र कथानकीय सन्दर्भका आधारमा भन्नुपर्दा उच्च मानवीय सम्बन्ध र भावना तथा पर्यावरणीय सचेतताका दृष्टिले उपन्यास उपयुक्त खालको छ।

## निष्कर्ष

तरूनी खेती उपन्यास प्रयोगवादी उपन्यासकार सरूभक्त श्रेष्ठद्वारा लेखिएको हो । यो उपन्यास उच्च बौद्धिक काल्पनिक यथार्थ र आदर्शमा केन्द्रित रहेको छ। यस उपन्यासमा हाम्रो सामाजिक संस्कारजन्य व्यवहारलाई बिम्बात्मक रूपमा प्रस्तुत गरिएको छ । सामाजिक अन्धविश्वास र परम्पराजन्य परिस्थितिको आमूल परिवर्तनको चाहना प्रकट गरिएको छ । उमेर पुगेका युवतीलाई तरूनी खेतको प्रतीकका रूपमा उपन्यासमा चित्रण गरिएको छ। यस अर्थमा उपन्यासको शीर्षक तरूनी खेती सफल र सार्थक देखिन्छ। साहित्य समालोचनाका विविध क्षेत्रहरू मध्ये पर्यावरणीय समालोचना पनि एक हो । यसलाई अन्तर्विषयक समालोचना पद्धति पनि भनिन्छ । यसमा पारिस्थितिक प्रणालीका विषयमा विशेष जोड दिइन्छ। अतः पर्यावरणीय चिन्तनको आलोकमा तरूनी खेती उपन्यासको अध्ययन विश्लेषण गर्दा यस उपन्यासमा सामाजिक सांस्कृतिक व्यवहारजन्य पर्यावरणको अधिक प्रयोग भएको पाइन्छ । यसको साथै आर्थिक समता र विषमताले निम्त्याउने परिस्थितिजन्य पर्यावरण, लैङ्गिक विभेदले निम्त्याउने पारिस्थितिक नारीवाद तथा उच्च मानवीय सम्बन्ध र व्यवहारलाई पनि विशेष महत्वकासाथ प्रस्तुत गरिएको छ। अत : तरूनी खेती उपन्यास पर्यावरणीय सचेतताका दृष्टिले उपयुक्त रहेको निष्कर्ष प्राप्त हुन्छ।

## सन्दर्भसामग्री सूची

उप्रेती, सञ्जीव (२०६८), सिद्धान्तका कुरा, काठमाडौं : अक्षार क्रिएसन।

एटम, नेत्र (२०६१), समालोचनाको स्वरूप, ललितपुर : साझा प्रकाशन।

कुप, लरेन्स (२०००), दी ग्रिन स्टडिज रिडर फ्रम रोमान्टिसिजम टु इकोक्रिटिसिजम, लण्डन : रोटलेज पब्लिकेशन।

केरिज, रिचार्ड (२००६), इन्भारमेन्टालिजम एन्ड इकोक्रिटिसिजम लिटेररी, लण्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस।

ग्लोटफेल्टी, चेरिल (१९९६), एन्ड ह्यारोल्ड फ्रोम (सम्पा.), दी इकोक्रिटिसिजम रिडर : ल्यान्डमार्क्स इन लिटेरेरी इकोलोजी, न्यूयोर्क : रोटलेज।

ग्रेरार्ड, ग्रेम (२०६४), इकोक्रिटिसिजम्, लन्डन यान्ड न्युयोर्क : रोजलेज टेलर यान्ण्ड फ्रान्सिस ग्रुप।

गौतम, कृष्ण (२०६४), उत्तरआधुनिक जिज्ञासा, काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स।

गौतम, कृष्ण (२०६७), उत्तर आधुनिक संवाद, काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन।

गौतम, लक्ष्मणप्रसाद (२०६८), उत्तरवर्ती नेपाली समालोचना : केही प्रतिरूप, काठमाडौं : पैरवी प्रकाशन।

भट्टराई, गोविन्दराज (२०६१), आख्यानको उत्तर आधुनिक पर्यावलोकन, काठमाडौं : रत्न पुस्तक भण्डार।

भट्टराई, गोविन्दराज (२०६४), उत्तरआधुनिक विमर्श, काठमाडौं : ओरिएन्टल पब्लिकेशन हाउस।

भट्टराई, रमेश (२०७०), समय सौन्दर्य, पर्यावरण र कविता, काठमाडौं : विवेक सिर्जनशील प्रा.लि.।

सरूभक्त (२०६०), चुली, ललितपुर : साझा प्रकाशन।

❖❖❖